# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

### सवारी साधन आपूर्ति सम्वन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७१/०५/२५)

यस आयोगलाई आवश्यक पर्ने विभिन्न किसिमका सवारी साधनहरु सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयसम्म फर्म/सँस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस आयोगको सामान्य प्रशासन शाखा र जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ।

| बोलपत्र/ठेक्का नं. | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| CIAA-01/2071-072 | 4WD Double Cab Pick-up | ८ (आठ) थान | ३,०००।- | १२,००,०००।- | सिलबन्दी दर्ता वा e-submission मध्ये कुनै एक। |
| CIAA-02/2071-072 | मोटरसाइकल | २५(पच्चिस) थान | १,०००।- | १,२५,०००।- | सिलबन्दी दर्ता मात्र। |

२. बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस आयोगको नाममा "क" वर्गको बाणिज्य बैंकबाट जारी भएको बिडवण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेलस्थित धरौटी खाता नं. ११००२०३ (यस आयोगको कार्यालय कोड नं. २७-२०६-०१) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। बिडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२०(एकसय विस) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ।

३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ औं दिन दिनको १२.०० बजेभित्र यस आयोगको सामान्य प्रशासन शाखामा सिलवन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको वाहिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाललाई सम्बोधन गरी आफूले आपूर्ति गर्न प्रस्ताव गरेको सवारी साधनको बोलपत्र नं. समेत स्पष्टसंग उल्लेख गर्नु पर्नेछ।

४. दर्ता हुन आएका सिलवन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं-दिन दिनको २.०० बजे आयोगको सामान्य प्रशासन शाखामा उपस्थित फर्म/कम्पनीका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ : (क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०६९।०७० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि (ङ) बोलपत्रदाता फर्म/कम्पनीको Power of Attorney Letter (च) Manufacturer Authorization Letter।

६. बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ।

७. यसै सूचनाको दफा ५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार आयोगमा निहित रहने छ।

९. यो सूचना आयोगको वेबसाइट www.ciaa.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.ppmo.gov.np मा समेत हेर्न सकिनेछ। यस सम्वन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र आयोगको सामान्य प्रशासन शाखा ,(फोन नं. ४४४०१५१) मा सम्पर्क राख्न सकिनेछ।

१०. e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि थप जानकारी :

(क) e-bidding मा भाग लिन इच्छुक बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np मा login गरी प्राप्त निर्देशन अनुसार बोलपत्रमा भाग लिन सक्नेछन्।

(ख) बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र Scan गरी PDF Format मा Upload गरिसक्नु पर्नेछ। साथै यस सूचनाको दफा ५ बमोजिमका कागजातहरुको scanned copy बोलपत्रसाथ upload गर्नुपर्नेछ। Upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ।

(ग) बोलपत्र फाराम दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय वाणिज्य बैंक ठमेलस्थित राजश्व खाता नं. १-१-००१ (राजश्व शीर्षक नं. १४२२७ र यस आयोगको कार्यालय कोड नं. २७-२०६-०१) मा नगदै जम्मा गरेको भौचरको scanned copy बोलपत्रसाथ upload गर्नुपर्नेछ।

(घ) बोलपत्र जमानत तथा बोलपत्र फाराम दस्तुर वापत राजश्व बुझाएको बैंक भौचरको सक्कलै प्रति, यस सूचनाको दफा ५ बमोजिमका कागजातहरु र Complete Bidding Document को Hard Copy बोलपत्र खोलेको मितिले ७(सात) दिनभित्र बोलपत्रदाताले अनिवार्य रुपमा आयोगमा पेश गर्नु पर्नेछ।